# महादेवा गाउँपालिकाको

## एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७५

**प्रस्तावना**

महादेवा गाउँपालिका, बथनाहा भित्र खासगरी स्वास्थ्य सेवाका पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहँच पुरयाउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताका पहँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ का दफा १०२ (२) का अधिकार प्रयोग गरी महादेवा गाउँपालिका देहायका निर्देशिका जारी गरेको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाका नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७५" रहेका छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :–

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले महादेवा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति** सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** (१) एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरू रहेका एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेका आर्थिक प्रशासन/राजश्व हेर्ने कर्मचारी – सदस्य

(ग) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले चयन गरेको ३ जना सदस्य – सदस्य

(घ) स्वास्थ्य संयोजक – सदस्य

(ङ) स्वास्थ्य चौकी प्रमुख – सदस्य सचिव

(२) समितिका कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणुपरक संख्या पुगेका मानिनेछ ।

(३) समितिका बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिका बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिका काम, कर्तव्य र अधिकार :** (१) समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेका अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । आवश्यक्ता परेमा करार सम्झौता रद्द गर्न गाउँ कार्यपालिकामा सिफारिश गर्ने ।

(ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धी दर रेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने५ ।

(ङ) सरोकारवाला तथा अन्य संघहरू बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ,

(च) गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसची १ बमोजिम सेवा शुल्क लिइ बैंक/ कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिका सदस्य–सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) महादेवा गाउँपालिका, बथनाहाका सेवाग्राही, कार्यरत कर्मचारीहरू लाई विशेष छुट दिने ⁄ नदिने निर्णय गर्ने छ ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रूपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा बापत उठेका रकम गाउँपालिकाले एक अलग बैंक खाता/ कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमका असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदका अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखिनेछ ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषका रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेका बार्षिक कार्ययोजना अनूसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यता चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्ती र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमका समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रू. २ लाख सम्मका दुर्घटना  वीमा गरिनेछ । वीमाका प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :** (१) एम्बुलेन्स महादेवा गाउँपालिका वडा न. ३ मा रहेको बथनाहा स्वास्थ्य चौकीका हातामा रहनेछ ।

(२) एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रू ५०००।०० सम्मको इस्टिमेट अनुसार को मर्मत समितिको निर्णयानुसार हुनेछ । सो भन्दा बढीको मर्मत भएमा समितिको सिफरिसमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(३) एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**(८) विविध :** (१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिका सिफारिशमा गाउा कार्यपालिकाले गर्न सक्नेछ ।

## अनसूची १

(निर्देशिकाका दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क.सं. | स्थानको नाम ( देखि सम्म ) | स्वीकृत दर रेट रु | कैफियत |
|---|---|---|---|
| १ | महादेवा गा.पा. भित्र | ३०० | |
| २ | महादेवा गा.पा. देखि राजविराज | ५०० | |
| ३ | महादेवा गा.पा. देखि विराटनगर | २००० | |
| ४ | महादेवा गा.पा. देखि धरान | २००० | |
| ५ | राजविराज न.पा. हुँदै विराटनगर | ३२०० | |
| ६ | राजविराज न.पा. हुँदै धरान | ३२०० | |
| ७ | राजविराज न.पा. हुँदै काँकरभिटा | ५५०० | |
| ८ | राजविराज न.पा. हुँदै इटहरी | २५०० | |
| ९ | राजविराज न.पा. हुँदै सुनसरी इनरुवा | २२०० | |
| १० | महादेवा गा.पा. देखि भारदह | ५०० | |
| ११ | महादेवा गा.पा. देखि कंचनपुर | ११०० | |
| १२ | महादेवा गा.पा. देखि महुली | ६०० | |
| १३ | महादेवा गा.पा. देखि रुपनी | ८०० | |
| १४ | महादेवा गा.पा. देखि कठौना | ८०० | |
| १५ | महादेवा गा.पा. देखि कल्याणपुर | ९०० | |
| १६ | महादेवा गा.पा. देखि लहान | १५०० | |
| १७ | महादेवा गा.पा. देखि सिरहा | २४०० | |
| १८ | महादेवा गा.पा. देखि जनकपुर | ३६०० | |
| १९ | महादेवा गा.पा. देखि विरंगज | ५७०० | |
| २० | महादेवा गा.पा. देखि काठमाण्डौ | १४००० | |
| २१ | महादेवा गा.पा. देखि भरतपुर | ९७७५ | |
| २२ | महादेवा गा.पा. देखि दरभंगा | ७५०० | |
| २३ | महादेवा गा.पा. देखि पटना | ११००० | |
| २४ | महादेवा गा.पा. देखि जयनगर | ३००० | |
| २५ | महादेवा गा.पा. देखि बोदे बरसाइन | २००० | |
| २६ | महादेवा गा.पा. देखि पातो | २२०० | |
| २७ | महादेवा गा.पा. देखि सखडा | ७०० | |
| २८ | महादेवा गा.पा. देखि कुनौली | ७०० | |
| २९ | महादेवा गा.पा. देखि हनुमाननगर | ५०० | |

| | | | |
|---|---|---|---|
| ३० | महादेवा गा.पा. देखि पथरगाडा | ७०० | |
| ३१ | महादेवा गा.पा. देखि गाईघाट, उदयपुर | २४०० | |
| ३२ | महादेवा गा.पा. देखि फतेपुर | २००० | |
| ३३ | महादेवा गा.पा. देखि रायपुर | ७०० | |
| ३४ | महादेवा गा.पा. देखि ट्राफिक, सप्तरी | ७०० | |
| ३५ | महादेवा गा.पा. देखि अर्नाहा, सप्तरी | १३०० | |
| ३६ | महादेवा गा.पा. देखि ब्रहमपुर | १६०० | |
| ३७ | महादेवा गा.पा. देखि विरेन्द्र बजार | ७०० | |
| ३८ | महादेवा गा.पा. देखि सितापुर, सप्तरी | ८०० | |
| ३९ | महादेवा गा.पा. देखि खरचुहीया | १००० | |
| ४० | महादेवा गा.पा. देखि कडरवोना | | |
| ४१ | महादेवा गा.पा. देखि जलजले | २००० | |
| ४२ | महादेवा गा.पा. देखि कदमाहा | १२०० | |

- दुरीका हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्समा लाग्ने इन्धन खर्च प्रयोग कर्ताले नै बेहोर्नु पर्नेछ । इन्धन प्रति ७ किलोमिटर बराबर १ लिटरका दरले लाग्नेछ ।
- बाटोमा लाग्ने करहरू प्रयोगकर्ताले नै ब्यहोर्नु पर्नेछ ।
- एम्बुलेन्सका तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजाने अगाबै कार्यालयमा बुझाउनुपर्नेछ ।

अनसची २

(निर्देशिकाको दफा ६ का उपदफा (३) संग सम्बन्धीत)

# एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७५ लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई संधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरूमा आफनै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफनो क्षेत्रका अरूलाइ पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा पयाप्त जानकारी लिइ उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाडन् नहने,

९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा विरामीहरूबाट पाएको जानकारी तेस्रो पक्षलाईै खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुरयाउने पर्ने ।

११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरूको जानकारी आफनो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गनुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भाग्यदारी हुनेछ ।

म .......................................................................... ठेगाना ................................ ना.प्र.प.न. ........................जारी मिति ............................... जिल्ला, डाइभिङ्ग लाइसेन्स न. ........... .............जारी मिति ............................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ........................................ जिल्ला महदेवा गाउँपालिकाका एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको : | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको : |
| दस्तखत : | दस्तखत : |
| मिति : | नाम |
| संस्थाका छाप : | पद : |
| | मिति : |

# अनूसची ३

(निर्देशिकाको दफा ८ का उपदफा (१) सँग सम्बन्धीत)

## "ग" वर्गको (Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरू,
- Oxygen Cylinder, Flow Meter / Mask वडित वा जरूरी परेमा राख्ने सकिने सवारी साधन,
- IV Injection दिन सक्न व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver With basic training in first aid and emergency medicine.

# महादेवा गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७५

| | |
|---|---|
| गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत | मिति २०७५/ / |